राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ४८ २०८२ भदौ २१ गते शनिवार (06 May. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

# संविधान संशोधन नगरे र भूमि विधेयक पास गरेमा मोर्चाद्वारा आन्दोलनको चेतावनी



दैनिक समाचारदाता
जनकपुरधाम, २० भदौ । संघीय लोकतान्त्रिक मोर्चामा आबद्ध विभिन्न दलका अध्यक्षहरूले संविधान संशोधन र ल्याएको भूमि विधेयक यथास्थितिमा पास गरेमा कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले तत्काल संविधान संशोधन नगरेमा र भूमि विधेयक पास भएमा मधेसमा ठूलो आन्दोलन सुरु गर्ने घोषणा गरेका हुन् ।
शुक्रवार जनकपुरधाममा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) को आयोजनामा भएको "वर्तमान राजनीतिक अवस्था(जनजागरण अभियान" कार्यक्रममा सहभागी नेताहरूले मधेसका हकहितका सवालमा साझा मोर्चा बनाएर निर्णायक आन्दोलनमा जाने धारणा राखे ।

मोर्चाका संयोजक एवं लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले नेपालको राष्ट्रवादलाई अन्धराष्ट्रवादको रूपमा प्रस्तुत गर्दै त्यसको विरुद्धमा मोर्चा एक भएर उत्रनुको विकल्प नभएको बताए । भूमि विधेयकलाई मधेसमाथि गरिएको षड्यन्त्रको संज्ञा दिँदै उनले भने, "विगतमा नदी, जंगल, सडक र जमिनमा पहाडे समुदायलाई पुनर्वास गरिएको थियो । अब सरकारले विधेयकमार्फत यसलाई कानुनी मान्यता दिन खोजिरहेको छ । यसलाई कुनै हालतमा पास हुन दिइने छैन, भएमा मधेससहित देशभर ठूलो आन्दोलन हुन्छ ।"

त्यसैगरी जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले काँग्रेस र कम्युनिष्ट पार्टीलाई संघीय लोकतन्त्र र गणतन्त्रविरोधी भन्दै ती दलहरूले संघीयतालाई समाप्त पार्ने षड्यन्त्र गरिरहेको आरोप लगाए । उनले संविधानमा प्रतिनिधित्व, बजेट र विकासमा असमानता कायम भएको स्मरण गराउँदै पुनः आन्दोलन अपरिहार्य भएको उल्लेख गरे । यादवले भने, "संविधान संशोधन नगरेमा मधेसवादी दलहरू आठौँ संविधान लेखनका लागि आन्दोलनमा उत्रिनेछन् ।"

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले मधेसमाथि शासक वर्गले निरन्तर विभेद गर्दै आएको आरोप लगाउँदै निर्णायक आन्दोलनको तयारी गर्नुपर्नेमा जोड दिए । "फुटेर होइन, जुटेर मात्र अधिकारको लडाइँ जित्न सकिन्छ," उनले भने ।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले भूमिहीनलाई लालपुर्जा बाँड्ने नाममा चुरे र जलस्रोत नष्ट गर्ने नीतिलाई अस्वीकार गर्दै भावनात्मक एकताको आवश्यकता औंल्याए । उनले संविधान संशोधनमार्फत मात्र विभेद अन्त्य हुने बताए ।

त्यस्तै तमलोपा अध्यक्ष वृशेषचन्द्र लालले विगतका गल्तीलाई आत्मसात् गरेर समीक्षात्मक ढङ्गले मोर्चालाई अघि बढाउनुपर्नेमा जोड दिँदै भूमि विधेयकविरुद्ध मधेसमै आन्दोलन गर्ने चेतावनी दिए ।

कार्यक्रममा तमलोपाका वरिष्ठ नेता डा. विजय सिंहले कृषि, पानी, शिक्षा, विकेन्द्रीकरण र संविधान संशोधनजस्ता मुद्दा समाधान नगरी संघीयता प्रभावकारी नबन्ने टिप्पणी गर्दै, मधेस आन्दोलनकारीबीचको फूट अन्त्य गरी जनजागरणमार्फत शक्ति संकलन गर्नुपर्ने बताए ।

लोसपा महासचिव परमेश्वर साहले आन्दोलनलाई प्रभावकारी बनाउन नेता(कार्यकर्तालाई प्रशिक्षण दिनुपर्ने आवश्यकता औंल्याए । जसपाकी नेतृ सुरिता साह, तमलोपा नेता असगर अली, नागरिक मुक्ति पार्टीकी प्रमिला सिंहलगायतले मधेसका उपलब्धि जोगाउन सबै दलबीच ईमानदार एकता आवश्यक रहेको धारणा राखे ।

## स्कुल बसको ठक्करबाट सात वर्षीय बालकको मृत्यु

दैनिक समाचारदाता
सिरहा, २० भदौ । गोलबजार नगरपालिका-२ टुड्किया सैनिक चोकमा आज स्कुल बसको ठक्करबाट सात वर्षीय बालकको मृत्यु भएको छ । ट्रिनिटी बोर्डिङ स्कुलको बसले किच्दा स्थानीय मदन साहका छोरा आदर्शकुमार साहको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आदर्श सोही विद्यालयको 'प्ले ग्रुप' मा अध्ययनरत थिए ।
ग१ख ३७८८ नम्बरको बसले विद्यालयबाट घर फर्किने क्रममा आदर्शलाई किच्दा उनको टाउकोमा गम्भीर चोट लागि तत्कालै घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । उहाँका अनुसार ठक्कर दिने बसका चालक गोलबजार नगरपालिका-३ का विमल भुजेल घटनापछि फरार भएका छन् । प्रहरीका अनुसार निजको खोजी कार्य जारी छ । उक्त घटनापछि मृतक बालकको शव कानुनी प्रक्रियाअनुसार मुचुल्का उठाएर परीक्षणका लागि राउ स्मारक प्रादेशिक अस्पताल लहान पठाइएको प्रहरी नायब उपरीक्षक पासवानले बताउनुभयो । बस भने प्रहरीले नियन्त्रणमा लिएको छ ।
यसैबीच, घटनाप्रति थप अनुसन्धान गर्न स्कुलका संस्थापक एवं प्रधानाध्यापक दिलीप बुढाथोकीलाई हिरासतमा लिई प्रहरीले सोधपुछ गरिरहेको उहाँले जानकारी दिनुभयो ।

## न्यायालयको काम कानुनी शासनको रक्षा गर्नु नै हो : प्रधानन्यायाधीश राउत




दैनिक समाचारदाता
काठमाडौँ, २० भदौ । प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले नेपाल-भारत दुवै देशको न्यायालयको मूल काम मानवअधिकारको रक्षा, समानता प्रवर्द्धन र कानुनी शासनको रक्षा गर्नु भएको बताउनुभएको छ ।

सर्वोच्च अदालतद्वारा आज यहाँ आयोजित 'नेपाल-भारत न्यायिक संवाद-२०२५' मा प्रधानन्यायाधीश राउतले सामाजिक समानता, जलवायु परिर्वतन आदिजस्ता विषयहरू नेपाल र भारतका साझा कानुनी विषय भएको बताउनुभयो ।

"नेपाल र भारतले साझा कानुनी परम्परा साझा गरेको हुनाले, वर्षौंदेखि नेपाली कानुनी र न्यायिक समुदायहरूसँग निरन्तर सहकार्य गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "नेपाल-भारतबीच न्यायिक सहयोग हुँदै आएको छ, कानुन र न्यायका विभिन्न आयामहरूमा एकअर्कालाई सफलतापूर्वक सहयोग गर्दै आएका छौँ ।"

प्रधानन्यायाधीश राउतले नेपालले अहिले नयाँ पुस्ताका कानुनी चुनौतीहरूको सामना गरिरहेको उल्लेख गर्नुभयो । सो चुनौतीहरुमा साइबर अपराध, उपभोक्ता संरक्षणदेखि वातावरणीय ह्रास, जलवायु परिवर्तन, लैङ्गिक न्याय र आदिवासी तथा सीमान्तकृत समुदायको अधिकार रहेको बताउनुभयो ।

भौगोलिक र सांस्कृतिक सम्बन्धको अतिरिक्त नेपाल र भारतले कानुनी तथा न्यायिक क्षेत्रमा पनि बलियो व्यावसायिक सहकार्य रहेको बताउँदै उहाँले सुधारिएको मुद्दा व्यवस्थापन, सूचना प्रविधिको प्रयोगले काम गर्न सहजता भएको उल्लेख गर्नुभयो ।

भारतका प्रधानन्यायाधीश भूषण रामकृष्ण गवाईले भारतको सर्वोच्च अदालत र नेपालको सर्वोच्च अदालतबीच पहिलादेखि उत्कृष्ट अभ्यासहरू आदानप्रदान गर्दै आएको, आगामी दिनमा पनि संवाद, सहयोग र सहकार्यलाई अभिवृद्धि गर्ने बताउनुभयो ।

"दुई संस्थाहरूबीच उत्कृष्ट अभ्यास आदानप्रदान गर्न, संवादलाई बढावा दिन र सहयोगलाई गहिरो बनाउन समझदारी जरुरी छ", उहाँले भन्नुभयो, "दुवै देशको लोकतान्त्रिक शासन सुदृढीकरण गर्ने, न्यायपालिकाले अभिभावक र सुधारका रूपमा काम गर्दछ ।"

सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले नेपालको न्यायालयले स्वतन्त्र, निष्पक्ष न्याय दिन प्रयास गर्दै समानताका लागि निकै राम्रो काम

*बाँकी पृष्ठ ४मा*

अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# अनुष्कामाथि मृणालको विवादित टिप्पणी

एजेन्सी

मुम्बई । बलिउड अभिनेत्री मृणाल ठाकुरले अभिनेत्री बिपाशा बासुमाथि दिएको विवादास्पद बयानपछि अर्को एक पोडकास्टमा अनुष्का शर्मामाथि पनि अनौठो टिप्पणी गरेकी छिन्।





नाम उल्लेख नगरी उनले अनुष्कासँग आफूलाई तुलना मात्र गरिनन्, आफूलाई उनीभन्दा र म्रोसमेत भनिन्। एक पोडकास्टमा मृणाललाई सोधिएको थियो कि उनले कुनै त्यस्तो फिल्म छोडेकी छिन् जुन पछि सुपरहिट भयो ?

यसमा मृणालले भनिन्, 'त्यस्ता फिल्म धेरै छन्। मैले नगर्ने निर्णय गरेकी थिएँ, किनभने म तयार थिइनँ। पक्कै पनि यसले विवाद निम्त्याउन सक्छ। फिल्म सुपरहिट भयो, तर अभिनेत्रीलाई अगाडि बढ्न खासै फाइदा भएन। पछि मैले महसुस गरें कि यदि मैले त्यो फिल्म गरेको भए, मैले आफूलाई गुमाउने थिएँ। उनी अहिले काम गरिरहेकी छैनन्, तर म काम गरिरहेकी छु, यो आफैँमा एक जित हो।'

उनले अगाडि भनिन्, 'मलाई तत्कालको आनन्द, तत्कालको पहिचान र तत्कालको ख्याति चाहिँदैन, किनभने जुन कुरा छिटो पाइन्छ, त्यो छिटो नै जान्छ।'

मृणालको यो भिडियो भाइरल भएपछि अनुष्का शर्माका प्रशंसकहरूले उनको चर्को आलोचना गरिरहेका छन्। एक प्रशंसकले लेखेका छन्, 'मलाई लाग्छ, उनले अनुष्काको कुरा गरेकी हुन्।' यसको जवाफमा अर्को एक प्रयोगकर्ताले लेखेका छन्, 'यदि यसो हो भने, उनी निकै मूर्ख हुन् किनभने अभिनय छोड्नु अनुष्काको आफ्नै इच्छा थियो।'

अर्को एक प्रयोगकर्ताले लेखेका छन्, 'अनुष्का एक सुन्दर अभिनेत्री हुन्, यिनी उनको स्तरमा पुग्न सक्दिनन् ।'

एक प्रयोगकर्ताले लेखेका छन्, 'हिम्मत त हेर्नुस् यदि उनले अनुष्काको कुरा गरिरहेकी हुन् भने यो ध्यान दिन लायक छ कि उनले काम नगर्ने निर्णय आफैँले गरेकी हुन्। उनको सधैँ यही तरि का रहिआएको छ।'

स्मरण रहोस्, सुरुमा मृणाल ठाकुर फिल्म 'सुल्तान' को हिस्सा बन्ने तयारीमा थिइन्, तर सलमान खानले उनको सट्टा अनुष्कालाई लिने निर्णय गरेका थिए।

एकपटक शाहिद कपूर र मृणाल ठाकुर एक फिल्मको प्रचारका लागि 'बिग बोस' मा पुगेका थिए। त्यसबेला सलमानले आफैँ बताएका थिए कि उनका एक चिनजानका व्यक्तिले मृणाललाई आफ्नो फार्ममा ल्याएका थिए। त्यस समय उनी निकै पातली थिइन्, जसका कारण सलमानले कास्टिङमा बदलाव गरी अनुष्कालाई लिएका थिए।

# बन्द हुने भयो शिल्पा शेट्टीको रेष्टुराँ



एजेन्सी

नयाँ दिल्ली । बलिउड अभिनेत्री शिल्पा शेट्टीको रेस्टुराँ बास्टियन बन्द हुने भएको छ । यो रेस्टुरेन्ट मुम्बईको बान्द्रामा छ । अभिनेत्री आफैँले रेष्टुराँ बन्द हुन लागेको घोषणा गरेकी हुन् ।

उनले यसलाई एक युगको अन्त्य भनेकी छिन् । आफ्नो आधिकारिक इन्स्टाग्राम खाताबाट बास्टियन बन्द हुने घोषणा गर्दै शिल्पा शेट्टीले लेखेकी छिन्, 'यो बिहीबार एक युगको अन्त्य हुनेछ, जब हामी मुम्बईको सबैभन्दा प्रतिष्ठित गन्तव्यहरू मध्ये एक बास्टियन बान्द्रालाई बिदाइ दिन्छौं । यो त्यो ठाउँ हो जसले हामीलाई अनगिन्ती सम्झनाहरू, अविस्मरणीय रातहरू र क्षणहरू दियो जसले शहरको रात्रि जीवनलाई आकार दियो । अब यो ठाउँमा यसको अन्तिम पर्दा खस्दैछ ।'

अभिनेत्रीले थप लेखेकी छिन्, 'यस लिजेन्ड्री ठाउँको सम्मान गर्न, हामी हाम्रो सबैभन्दा नजिकका पाहुनाहरूका लागि एक विशेष साँझको आयोजना गर्न गइरहेका छौं, एउटा रात जुन पुरानो याद, ऊर्जा र जादूले भरिएको हुनेछ, जसमा बास्टियनले अहिलेसम्म दिएका सबै कुराको उत्सव मनाइनेछ ।'

शिल्पा शेट्टीले आफ्नो पोस्टमा रेस्टुरेन्ट बन्द गर्नुको कारण बताएकी छैनन् । शिल्पा शेट्टीले यो रेस्टुरेन्ट सन २०१६ मा रंजित बिन्द्रासँग मिलेर सुरु गरेकी थिइन् । यो ठाउँ मुम्बईको रात्रि जीवनमा धेरै लोकप्रिय थियो । सन २०२३ मा यसलाई पुनः स्थापित गरिएको थियो ।

# अभिनेत्री रावमाथि १ सय २ करोड जरिवाना

एजेन्सी

हैदराबाद । सुन तस्करी प्रकरणमा कन्नड फिल्म अभिनेत्री रान्या रावलाई राजस्व गुप्तचर निर्देशनालय (डीआरआई) ले १ सय २ करोड भारतीय रुपैयाँ जरिवाना लगाएको छ।

डीआरआई स्रोतका अनुसार सह-अभियुक्त तरुण कोंडाराजुलाई ६३ करोड रुपैयाँ जरिवाना गरिएको छ भने ज्वेलर्स साहिल सकरिया जैन र भरत कुमार जैनलाई ५६-५६ करोड रुपैयाँ जरिवाना गरिएको छ।

पीटीआईका अनुसार, डीआरआईका अधिकारीहरू मंगलबार बेंगलुरु केन्द्रीय कारागार पुगे र प्रत्येक अभियुक्तलाई यसबारे जानकारी गराए। '११,००० पृष्ठको कागजात तयार गर्नु धेरै मेहनती काम थियो,' डीआरआई स्रोतले भन्यो।

मार्च ३ मा दुबईबाट फर्कने क्रममा रान्या राव सुनसहित पक्राउ परेकी थिइन्। जुलाईमा उनलाई एक वर्षको जेल सजाय सुनाइएको थियो। यो सजाय विदेशी मुद्रा संरक्षण र तस्करी गतिविधि रोकथाम ऐन अन्तर्गत सुनाइएको हो।

मंगलबार उच्च अदालतमा मुद्दाको सुनुवाइ भएको थियो। अदालतले



अर्को सुनुवाइ सेप्टेम्बर ११ मा सारेको छ।

जुलाई महिनामा जब रान्यालाई सजाय सुनाइयो, उनलाई सजायको सम्पूर्ण अवधिभर जमानतको अधिकार दिइएको थिएन।

यसअघि मे २० मा, बेङ्गलुरुको एक अदालतले रान्या र सह-अभियुक्त तरुण कोंडाराजुलाई प्रक्रियागत आधारमा पूर्वनिर्धारित जमानत दिएको थियो।

यसको कारण डीआरआईले तोकिएको समयभित्र आरोपपत्र दायर गर्न नसक्नु थियो। अदालतले उनीहरूलाई २ लाख रुपैयाँको धरौटी र दुई जमानतमा पूर्वनिर्धारित जमानत दियो। उनीहरूलाई देश छोड्न निषेध गरिएको थियो। यद्यपि, जमानत पाए पनि रान्या र तरुणलाई हिरासतमा राखिएको थियो।

***के हो त सम्पूर्ण मामिला ?***

कन्नड अभिनेत्री तथा वरिष्ठ प्रहरी अधिकारी के. रामचन्द्र रावकी सौतेनी छोरी रान्या मार्च ३ मा बैंगलोरको केम्पेगौडा विमानस्थलमा अवतरण गरिन्।

साँझ ६ बजेतिर, रान्या बाहिर निस्कने ढोकातिर लागिन्। बाहिर निस्कन उनी हरियो च्यानलतिर गइन्। हरियो च्यानल ती यात्रुहरूका लागि हो जससँग जाँच गर्न कुनै सामान छैन।

रान्या पहिले पनि त्यसैगरी विमानस्थलबाट बाहिर निस्किन्थिन्। त्यो दिन डीआरआईका अधिकारीहरूले उनलाई रोके र सोधपुछ गरे ।

यस कुराकानीको क्रममा रान्याको अनुहारमा चिन्ता देखिन थाल्यो। अधिकारीहरूलाई शङ्का लाग्यो। उनीहरूले दुई महिला अधिकारीहरूलाई बोलाएर रान्यालाई जाँच गर्न भने। उनको खोजी गर्दा उनको शरीरमा लुकाएर ल्याएको सुन भेटियो। उनको साथमा कुल १४.२ किलो सुन बरामद भयो, जसको मूल्य लगभग १२.५६ करोड रुपैयाँ थियो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# महिलाको शरीरमा पुरुषहरूको जस्तै XY क्रोमोसोम भेटिनुको रहस्य के हो?





आन्द्रेइ बिएरनेथ

आना पाउला मार्टिन्सको शरीरका अधिकांश कोषमा महिलासँग सम्बन्धित XX क्रोमोसोम हुन्छन्।

तर उनको रगतका कोषमा भने XY क्रोमोसोम भेटियो, जुन सामान्यतया पुरुषहरूमै पाइन्छ।

डाक्टरहरूको भनाइमा यो निकै अद्वितीय घटना हो, जसलाई पहिलोपटक रिपोर्ट गरिएको हो। उनीहरूको अनुमानमा आना पाउलाको रगतका कोष गर्भावस्थामै उनको जुम्ल्याहा भाइबाट आएका हुन सक्छन्।

परीक्षणका क्रममा स्त्रीरोग विशेषज्ञले क्यारियोटाइप टेस्ट गर्न सिफारिस गरे।

यस परीक्षणमा कोषभित्रका क्रोमोसोमहरूको जाँच गरिन्छ, प्रायः रगतको नमुनाबाट ।

आना पाउला भन्छिन्, “ल्याबले मलाई सम्पर्क गरेर फेरि टेस्ट गर्नुपर्ने भने।”

नतिजामा उनको रगतका कोषभित्र ह्य क्रोमोसोम भेटिएपछि उनी स्वयं र चिकित्सक दुवै अचम्मित भए।

ब्राजिलको हेल्थकेयर संस्था फ्लेरी मेडिसिना ए साउडे र साओ पाउलो विश्वविद्यालयका प्रोफेसर तथा स्त्रीरोग विशेषज्ञ गुस्तावो म्यासियल भन्छन्,


“मैले बिरामीको जाँच गर्दा उनको शरीरका सबै लक्षण सामान्य महिलाकै जस्तै थिए। गर्भाशय र अण्डाशय दुवै सामान्य थिए र अण्डाशयले काम गरिरहेको थियो।”

यसपछि उनलाई साओ पाउलोस्थित अल्बर्ट आइन्स्टाइन इजरायलिट अस्पतालका जेनेटिसिस्ट डा. काइयो क्वायो कहाँ पठाइयो, जसले प्रो. म्यासियल र अन्य विज्ञहरूसँग मिलेर अनुसन्धान सुरु गरे।

*‘भित्रै भाइको अंश छ’*

अनुसन्धानका क्रममा आना पाउलाले आफूलाई जुम्ल्याहा भाइ भएको खुलाइन्।

उनको डीएनए परीक्षण गर्दा पत्ता लाग्यो– उनको रगतका



कोषहरू मात्र भाइसँग मिल्थे, बाँकी डीएनए भने उनको आफ्नै थियो।

प्रो. म्यासियल भन्छन्, “उनको मुख र छालाको डीएनए उनलाई नै देखाउँथ्यो। तर रगतमा भने भाइको पहिचान थियो।”

यो अवस्था काइमेरा भनिन्छ– जब एउटै व्यक्तिको शरीरमा दुई किसिमको डीएनए हुन्छ।

बोन-म्यारो ट्रान्सप्लान्ट जस्ता उपचारपछि पनि यस्तो देखिन्छ, तर प्राकृतिक रूपमा काइमेरा हुनु ‘अत्यन्तै दुर्लभ’ मानिन्छ।

अन्य स्तनधारी प्रजातिहरूमा गर्भमै भिन्न-भिन्न लिङ्ग भएका भ्रूणबीच रगतको आदान-प्रदान हुने केही केस देखिएका छन्।

शोधकर्ताहरूको अनुमानमा गर्भावस्थामा आना पाउला र उनको भाइबीच प्लेसेन्टाद्वारा रक्त-सञ्चारको जडान भयो, जसले भाइको रगत दिदीमा पुर्‍यायो।

प्रो. म्यासियलका शब्दमा, “त्यहाँ भ्रूण-भ्रूण ट्रान्सफ्युजन भयो। भाइले आफ्नो रक्त-सामग्री बहिनीलाई सुम्प्यो।”

सबैभन्दा चकित पार्ने कुरा भनेको यो सामग्री उनको जीवनभर कायम रहनु हो।

यसरी भाइका रगतका कोषहरू आना पाउलाको बोन-म्यारोमा बसोबास गरे र निरन्तर XY क्रोमोसोम भएको रगत उत्पादन गर्न थाले, जबकि शरीरका बाँकी कोषहरू XX नै रहे।

अर्थात् उनको शरीरभित्र अझै पनि भाइको अंश बगेको छ।

*दुर्लभ तर सफल गर्भावस्था*

वैज्ञानिकहरूको विश्वास छ– यो घटना प्रतिरक्षा प्रणाली र प्रजननसम्बन्धी अनुसन्धानमा नयाँ ढोका खोल्न सक्छ।

आना पाउलाको शरीरले भाइका कोषलाई आक्रमण नगरी स्वीकार गर्‍यो।

प्रो. म्यासियल भन्छन्, “उनको केसले अंग प्रत्यारोपण जस्ता



जटिल विषय बुझ्न नयाँ अवसर दिन्छ।”

कसैकसैमा महिलामा XY क्रोमोसोम भेटिएको भए पनि प्रजननमा समस्या देखिन्छ। तर आना पाउला गर्भवती भइन् र स्वस्थ छोरा जन्माइन्।

जाँचमा छोराको डीएनए सामान्य थियो– आधा आमाबाट, आधा बाबाबाट। मामा (आनाको भाइ) को कुनै अंश थिएन।

प्रो. म्यासियल स्पष्ट पार्छन्, “उनको अण्डाणुमा आफ्नै आनुवंशिक सामग्री थियो। भाइका कोषहरूले गर्भधारणमा कुनै हस्तक्षेप गरेनन्।”

आनाका लागि सबैभन्दा जरुरी कुरा गर्भावस्था सुरक्षित हुनु थियो।

उनका शब्दमा, “यो मेरो लक्ष्यमा बाधा थिएन। मेरो लक्ष्य त आमा बन्नु थियो।”

XY र XX क्रोमोसोमबीच के फरक हुन्छ?


मानव शरीरमा ४६ क्रोमोसोम (२३ जोडी) हुन्छन्।

२२ जोडी सामान्य (अटोसोम) र २३औं जोडी सेक्स क्रोमोसोम हो।

यही जोडीले लिङ्ग निर्धारण गर्छ–

XX = महिला

XY = पुरुष



# जोर्नी दुखाइ अब युवाहरूको पनि समस्या, गर्नुहोस् यी योगासन



एजेन्सी

काठमाडौं । बदलिँदो जीवनशैली, लामो समयसम्म बसेर काम गर्ने बानी र खानेकुरामा देखिने अव्यवस्थाका कारण जोर्नी दुखाइ अब केवल वृद्धवृद्धामै सीमित छैन, युवाहरूमा पनि सामान्य समस्या बन्दै गएको छ।


औषधिले केही समयको लागि मात्र राहत दिन्छ, तर स्थायी समाधान चाहनुहुन्छ भने योग सबैभन्दा उत्तम विकल्प हो। योगले दुखाइ कम गर्नुका साथै हड्डी र मांसपेशीलाई बलियो बनाउँछ र शरीरलाई लचिलो राख्छ।

यदि तपाईं जोर्नी दुखाइबाट दीर्घकालीन राहत चाहनुहुन्छ भने औषधिमा मात्र भर नपरी दैनिक जीवनमा योगलाई समावेश गर्नुहोस्। बिस्तारै अभ्यास सुरु गर्नुस् र आसनहरू सही तरिकाले गर्न प्रशिक्षित योग शिक्षकको मार्गदर्शन लिनुहोस्। नियमित अभ्यासले दुखाइ कम गर्ने मात्र होइन, शरीरलाई फिट र ऊर्जावान् पनि बनाउँछ।

***जोर्नी दुखाइ कम गर्न ५ प्रभावकारी योग आसन***

***१. वज्रासन***

यो आसनले पाचन प्रणाली सुधार गर्छ। खाना खाएपछि बस्ने



आसन मानिए पनि, वज्रासन जोर्नी दुखाइमा पनि फाइदाजनक छ। नियमित पाँचदेखि १० मिनेट वज्रासन बस्दा घुँडाको कडापन कम हुन्छ र मांसपेशी बलियो बन्छ।



***२. त्रिकोणासन***

त्रिकोणासनले शरीरलाई तन्काएर हड्डीहरूलाई बलियो बनाउँछ। यसले मेरुदण्ड, घुँडा र गोलीगाँठो वरिपरिको मांसपेशी सक्रिय गर्छ। घुँडा वा कम्मरमा निरन्तर दुखाइ हुनेहरूका लागि यो आसन धेरै उपयोगी छ।

***३. सेतुबन्धासन (पुल पोज)***

यो आसनले ढाड र घुँडाको दुखाइ कम गर्छ। सुतेर गर्ने यो आसनले मेरुदण्ड र नसामा रक्त प्रवाह बढाउँछ, जसले पुरानो दुखाइ घटाउँछ र शरीरलाई मजबुत बनाउँछ।

***४. भुजंगासन***

भुजंगासनले मेरुदण्डलाई बलियो बनाउँदै ढाड दुखाइमा राहत दिन्छ। यसले ढाडका मांसपेशीलाई तन्काएर लचिलोपन ल्याउँछ। ढाड र जोर्नी दुखाइ दुवैका लागि यो आसन लाभकारी छ।

***५. ताडासन***

ताडासनले सम्पूर्ण शरीरलाई तन्काउँछ र रक्तसञ्चार बढाउँछ। लामो समय उभिनुपर्ने वा खुट्टा दुख्ने समस्यामा यो आसन विशेष उपयोगी मानिन्छ। यसले हड्डीमा पर्ने दबाब कम गरेर शरीरलाई सन्तुलित राख्छ।

# जलवायु सङ्कट श्रमजीवी वर्गको साझा मुद्दा हो : अध्यक्ष दाहाल

दैनिक समाचारदाता

काठमाडौँ, २० भदौ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तनका असरबारे गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले उक्त सङ्कटको समाधान श्रमजीवी जनताको एकतामार्फत मात्रै सम्भव हुने बताउनुभयो ।

माओवादी केन्द्र वन, वातावरण तथा जलवायु विभागले आयोजना गरेको 'वन, वातावरण तथा जलवायु र व्यवस्थापन अवधारणा पत्रमाथिको अन्तर्क्रिया' कार्यक्रममा पूर्वप्रधानमन्त्री समेत रहनुभएका दाहालले जलवायु परिवर्तनको असरलाई पुँजीवादी विकास मोडलको असफलताको परिणामका रूपमा चित्रित गर्नुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "आजको



विश्वमा जलवायु परिवर्तनका कारण मानव जातिको अस्तित्व नै सङ्कटमा छ । यसको समाधान यदि सही ढङ्गले गर्न सकिएन भने यो सङ्कट झन् गहिरो हुँदै जानेछ ।"

अध्यक्ष दाहालले आफू सरकारको नेतृत्वमा रहँदा विभिन्न अन्तरराष्ट्रिय फोरमहरूमा जलवायु न्यायको पक्षमा आवाज उठाएको उल्लेख गर्दै भन्नुभयो, "हामीले सबै गरिब राष्ट्रहरूको प्रतिनिधिका हैसियतले नेपालको नेतृत्वमा विश्वका सबै गरिब राष्ट्रका जनताको आशा र विश्वास कायम होस् भन्ने उद्देश्यले अन्तरराष्ट्रिय मञ्चहरूमा यो मुद्दा गम्भीर ढङ्गले उठाउँदै आएका छौँ ।"

उहाँले धनी राष्ट्रहरूको नाफामुखी अवधारणाकै कारण कार्बन उत्सर्जन भइरहेता पनि त्यसको प्रतिकूल असर गरिब राष्ट्रहरूका जनताले व्यहोर्नुपरेको र कार्बन क्षतिपूर्तिस्वरूप दिने भनिएको रकमसमेत अहिलेसम्म नदिइएकामा विश्वका तेस्रो मुलुकको नेतृत्व लिएर आवाज उठाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष दाहालले सामुदायिक वन व्यवस्थापनको अवधारणा नेपालमा सही उद्देश्यले ल्याइएको भए पनि त्यसमा पछिल्लो समय विकृति देखिएको बताउनुभयो । कार्यक्रममा तयार पारिएको अवधारणापत्रको प्रशंसा गर्दै अध्यक्ष दाहालले यो केवल पार्टीको दस्तावेजमात्र नभई अन्तरराष्ट्रिय हस्तक्षेप र संवादको महत्त्वपूर्ण दस्तावेज बन्न सक्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा माओवादी केन्द्रका उपमहासचिव तथा विभागका इन्चार्ज शक्तिबहादुर बस्नेत, पूर्वमन्त्रीहरू, सबै प्रदेशका नेता तथा विज्ञहरूको समेत उपस्थिति थियो ।

# इजरायली हवाई आक्रमणमा १४ जना प्यालेस्टिनीको मृत्यु

एजेन्सी

गाजा । इजरायली कब्जा बलहरूले गाजा सहरका आवासीय भवन र विस्थापितको हवाई आक्रमणमा एक जनाको मृत्यु हनुका साथै अन्य केही घाइते भएको जनाइएको छ । गाजा सहरको दक्षिणमा ताल



शिविरमा हवाई आक्रमण गर्दा १४ जना प्यालेस्टिनीहरूको मृत्यु हुनुको साथै घाइते भएको चिकित्सा स्रोतहरूले जनाएका छन् ।

गाजास्थित आवासीय अपार्टमेन्टमा इजरायली लडाकु विमानले बम प्रहार गर्दा तीन जना प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको जनाइएको छ ।

रामल्लामा इजरायली सेनाले विस्थापित प्यालेस्टिनीहरूको शिविरमा गोलाबारी गर्दा तीन जनाको मृत्यु हुनुका साथ अन्य धेरै घाइते भएका छन् ।

आवासीय भवनमा भएको अर्को अल हवा र साब्राका घरहरूमा भएको इजरायली हवाई आक्रमणमा थप पाँच प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै धेरै घाइते भएका छन् ।

अर्को छुट्टै आक्रमणमा, इजरायली ड्रोनले सहरको पश्चिममा विस्थापितको शिविरलाई निशाना बनाइ गरेको आक्रमणमा दुईजना प्यालेस्टिनीहरुको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएका छन् ।

हाल गाजा सहर कब्जा गर्ने इजरायली सेनाले घोषणा गरको अभियानको दोस्रो चरणको रूपमा तीव्र आक्रमण भइरहेको छ ।

# सामाजिक सञ्जाल बन्दको निर्णय: कानुनी कडाइ र जनजीवनबीचको द्वन्द्व

दैनिक समाचारदाता

काठमाडौँ २० भदौ । बिहीबारदेखि निरन्तर एकै विषयमा देशभर चर्चा भयो–सामाजिक सञ्जाल ।

एक साताअघि सरकारले फेसबुक, युट्युब, इन्स्टाग्राम, एक्सलगायतका विश्वव्यापी सामाजिक सञ्जाललाई सूचीकरणमा आउन चेतावनी दिएको थियो । तर चेतावनी सकिएर बिहीबार बिहानैदेखि मानिसहरू उत्सुक र चिन्तित बने । सबैको चासो थियो–के यी सञ्जाल बन्द हुन्छन् त ?




धेरैले अनुमान गरेका थिए–सरकारले अन्तिम क्षणमा सहजीकरण गर्ला, ती कम्पनीहरू पनि सूचीकरणका लागि अघि बढ्लान् । तर उल्टै भयो । सरकारले सूचीकरण नभएका २६ सामाजिक सञ्जाललाई बन्द गर्ने निर्णय गऱ्यो र इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दियो ।

यो समाचार तयार पार्दासम्म फेसबुक र युट्युब कतिपय ठाउँमा चलिरहेका भए पनि पूर्ण रूपमा बन्द गर्ने प्रक्रिया सुरु भइसकेको थियो । कतिपय सामाजिक सञ्जालका प्रतिनिधिहरू सूचीकरणका लागि सम्पर्कमा आएको खबर आएको छ, तर नआए भने के होला ? यसको सजिलो उत्तर छैन ।

*सामाजिक सञ्जाल जीवनको अभिन्न अङ्ग*

आजको जीवन सामाजिक सञ्जालबिनाको कल्पना गर्नै गाह्रो भइसकेको छ । व्यक्तिगत सम्पर्क मात्र होइन, व्यापार, कलाकारिता, सिर्जनशीलता सबैको केन्द्रीय प्लेटफर्म बनेका छन् यी माध्यमहरू ।

फेसबुक विचार आदानप्रदानसँगै व्यापार प्रवर्द्धनको महत्त्वपूर्ण माध्यम बनिसकेको छ भने युट्युबले त हजारौँ नेपालीलाई रोजगारी दिएको छ । हजारौँले यसैलाई पार्टटाइमदेखि फुलटाइम करिअर बनाएर जीवनयापन गरिरहेका छन् । अब सरकारको यो निर्णयले उनीहरूको पेटमा लात हानेजस्तै भएको छ ।

नियम तोड्नु कम्पनीहरूको गल्ती भए पनि सरकार नागरिकको अभिभावक भएकाले यसले आम जनताको रोजीरोटीमा पर्ने असरबारे पनि सोच्नुपर्ने सवाल उठेको छ ।

*सिर्जनशीलता र व्यवसायमा प्रभाव*

सामाजिक सञ्जाल बन्द हुने निर्णयपछि गायक-संगीतकारदेखि चलचित्रकर्मी र उद्यमी सबै चिन्तित छन् । गायक सिडी विजय अधिकारीले पोस्ट गरेका छन्–"२५ वटा जति भिडियो छ, अब कहाँ रिलिज गर्ने ?"

युट्युब आज गीत-संगीतलाई विश्वव्यापी श्रोतामाझ पुऱ्याउने निर्विकल्प प्लेटफर्म बनेको छ । यसले टेलिभिजनमा आधारित 'सिन्डिकेट' तोडेको थियो । अब फेरि त्यही पुरानो अवस्था फर्कने हो ?

ठ्याक्कै तथ्याङ्क नभए पनि अनुमानतः नेपालमा दैनिक करिब दुई दर्जन गीत युट्युबमा रिलिज हुन्छन् । अब ती कहाँ आउलान् ? त्यसैगरी चलचित्रका ट्रेलर, प्रचार र व्यवसायिक विज्ञापनमा पनि ठूलो असर पर्नेछ ।

फेसबुक र इन्स्टाग्राममार्फत व्यवसाय बढाउने प्रवृत्ति बलियो बनेको थियो । घरमै बसेर 'अनलाइन शप' खोल्नेहरू बढेका थिए । सामाजिक सञ्जाल नै बन्द भएपछि आईटी क्षेत्रमा रोजगारी पाएका हजारौँ युवाको भविष्य अन्धकारमा धकेलिनेछ ।

*विरोधाभासपूर्ण सरकार*

सामाजिक सञ्जाल बन्द गर्ने निर्देशन दिएको भोलिपल्टै सत्तारूढ एमालेको विधान महाधिवेशन सुरु भयो । उद्घाटन समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले हालैको चीन भ्रमणदेखि सामाजिक सञ्जाल बन्दसम्मका विषयमा सम्बोधन गरे–त्यो समेत आफ्नै सचिवालयको फेसबुक पेजमार्फत लाइभ भयो !

एकातिर बन्द गर्ने निर्णय गर्ने, अर्कोतिर आफैँ प्रयोग गर्ने विरोधाभासले जनताबीच आलोचना चुलिएको छ ।

*विकल्प र जोखिम*

सामाजिक सञ्जालमा विकृति छन्–गालीगलौज, चरित्र हत्या, अफवाह । तर यिनै माध्यम नागरिकको दैनन्दिन जीवनमा गहिरो भइसकेकाले सबैभन्दा बढी चासो अहिले एउटै छ–यी प्लेटफर्म कहिले खुल्लान् ?

अब प्रयोगकर्ताले भिएपीएनमार्फत सञ्जाल चलाउने सम्भावना बढेको छ । तर त्यसले व्यक्तिगत डाटा सुरक्षामा खतरा ल्याउनेछ । इन्टरनेट सेवा प्रदायकमा थप लोड पर्न सक्छ । त्यसको हिसाब-किताब सरकारले गरेको छ कि छैन भन्ने पनि प्रश्न उठ्छ ।

*कानुन र सहजीकरणको सन्तुलन*

कुनै देशको कानुनलाई नमान्ने छुट कम्पनीहरूलाई छैन । सूचीकरणमा आउनु त उनीहरूको कर्तव्य हो । तर त्यत्तिमै सरकारको काम पूरा हुँदैन । जनताको रोजीरोटीलाई सुरक्षित गर्ने जिम्मेवारी पनि उसको नै हो ।

अन्ततः समाधान कानुनी कडाइ र व्यावहारिक सहजीकरणको सन्तुलनमा खोज्नुपर्छ । सरकारको काम 'एक्सन' मात्र होइन, नागरिक-केन्द्रित समाधान दिनु पनि हो ।

## न्यायालयको ....................

गरेको बताउनुभयो ।

सर्वोच्च अदालतले छोरीलाई सम्पत्तिको अधिकारलाई स्थापित गर्दै समलिङ्गी विवाहलाई मान्यता दिँदै विवाह दर्ता गर्ने, अपाङ्गता भएका व्यक्तिको अधिकार र सबैलाई अवसर, मर्यादा, समानताका लागि निरन्तर काम गरिरहेको जानकारी गराउनुभयो । "अदालतको फैसलाले सामाजिक न्यायका लागि, मानवअधिकारको संरक्षण र आमनागरिकमा न्यायको पहुँचका लागि काम गरिरहेको छ", उहाँले भन्नुभयो, "राजनीतिक हस्तक्षेप, मिडिया ट्रायल, सामाजिक सञ्जाल ट्रायलजस्ता धेरै चुनौतीहरू छन्, ती सबैको सामना गरेर अघि बढिरहेका छौँ ।"

नेपालका प्रधानन्यायाधीश राउतको निमन्त्रणामा बिहीबार नेपाल आउनुभएका भारतका प्रधानन्यायाधीश गवाई आजको औपचारिक कार्यक्रममा सरिक भएर भोलि लुम्बिनीमा गौतमबुद्ध जन्मस्थल पुगी मायादेवी मन्दिरको दर्शन गरेर भारत प्रस्थान गर्ने कार्यक्रम छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४